# लेकम गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १, संख्याः ३९, मितिः २०८१/०१/२४

## भाग -२

लेकम गाउँपालिकाको व्याक हो लोडर सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

**प्रस्तावना:** लेकम गाउँपालिकाले खरिद गरेको व्याक हो लोडर विभिन्न व्यक्ति, संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बन गर्नु पर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाई लापरबाही तथा हिनामिनालाई नियन्त्रण गर्नका लागि लेकम गाउँपालिकाले व्याक हो लोडर सञ्चालन कार्यविधि, २०८० तर्जुमा गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** क) यस कार्यविधिको नाम **लेकम गाउँपालिकाको व्याक हो लोडर सञ्चालन कार्यविधि, २०८०** रहेको छ ।

ख) यो कार्यविधि गाउँपालिका कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “कार्यविधि” भन्नाले लेकम गाउँपालिकाको व्याक हो लोडर सञ्चालन कार्यविधि, २०८० बुझ्नुपर्छ ।

(ख) “गाउँपालिका” भन्नाले लेकम गाउँपालिका बुझ्नुपर्छ।

(ग) “कोष” भन्नाले व्याक हो लोडर सञ्चालन कोष बुझ्नुपर्दछ।

(घ) "व्याक हो लोडर" भन्नाले विकास निर्माणसम्बन्धी काम गर्न र विपद्जन्य कार्यमा प्रयोग गरिने गाउँपालिकाको स्वामित्वमा रहेको मेसिनरी उपकरणलाई जनाउँछ ।

(ङ) “धरौटी" भन्नाले कुनै काम नसकिएसम्म जमानत बापत राखिएको रकमलाई जनाउँछ ।

**३. कार्यविधिको उद्देश्य:** यस कार्यविधिको उदेश्य देहायवमोजिम हुने छः

क. गाउँपालिकाको स्वामित्वमा रहेको व्याक हो लोडरलाई सदुपयोग गर्न सघाउ पुर्याउने ।

ख. व्याक हो लोडरलाई मितव्ययी र पारदर्शी तरिकाले सञ्चालन गरी आन्तरिक आम्दानी वृद्धि गर्ने तथा जनतालाई अत्याधिक मात्रामा सेवा दिई जनताको अपनत्व वृद्धि गर्ने ।

ग. आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुर्याउने ।

घ. गाउँपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्ने ।

ङ. व्याक हो लोडर सञ्चालन समितिलाई उल्लिखित साधनहरूप्रति अझ वढी जिम्मेवार र उत्तरदायी बनाउने ।

च. व्याक हो लोडरलाई कुशलतापूर्वक सञ्चालन गरी दीर्घकालीन रूपमा प्रयोगमा ल्याउने ।

**४. व्याक हो लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रमः**

क. व्याक हो लोडर दैवी प्रकोप, फोहरमैला व्यवस्थापन, विकास निर्माणसम्बन्धी कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गरिने छैन ।

ख. गाउँपालिकाको स्वामित्वमा रहेको व्याक हो लोडर प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छः

१. दैवी प्रकोप उद्धारको कार्यमा,

२. गाउँपालिका क्षेत्रमा गाउँपालिकाबाट संचालन भएका विकासका आयोजनाहरूको कार्यमा,

३. गाउँपालिका क्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्यमा,

४. गाउँपालिका क्षेत्रभित्र सरकारी, गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास आयोजनासँग सम्बन्धित कार्यमा गाउँपालिका क्षेत्रका अन्य व्यवसायी, निर्माणकर्मीहरूलाई भाडामा दिँदा ।

## ५. व्याक हो लोडर सञ्चालनका लागि जनशक्ति व्यवस्थाः

क) व्याक हो लोडर सञ्चालन गर्नका लागि एक जना चालक र एक जना सहयोगीको व्यवस्था गरिनेछ।

ख) व्याक हो लोडर चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा कार्यपालिकाको बैठकबाट निर्धारण भए बमोजिम हुनेछ ।

## ६. व्याक हो लोडरको भाडादर निर्धारणः

व्याक हो लोडर भाडादर प्रचलित बजार मूल्यलाई आधार मानी यस कार्यविधिमा उल्लेख भएको समितिको सिफारिसमा कार्यपालिकाको बैठकको निर्णयबाट निर्धारण भए बमोजिम हुनेछ ।

## ७. व्याक हो लोडर भाडामा दिँदा अपनाउनु पर्ने कार्यविधिः

क. भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोप्राइटरले स्वीकृत दररेटमा अग्रीम रूपमा धरौटीस्वरूप गाउँपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा गाउँपालिकाले तोकिदिएको बैङ्कमा तोकिएको समयअनुसारको रकम जम्मा गरेको बैङ्क भौचरसहित गाउँपालिकाले तोकेको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

ख. यसरी निवेदन प्राप्त हुन आएमा व्याक हो लोडर व्यवस्थापन समितिको बैठक बसी व्याक हो लोडर उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

ग. तोकिएको समयावधिको कार्य समय समाप्त भएपछिको भाडा र कमबापतको गाउँपालिकाले कट्टी गर्नु पर्ने रकमको नगदी रसिद कार्यालयले उपलब्ध गराउने छ ।

घ. नगदै रकम जम्मा गरेको वा बैङ्कमा रहेको तोकिएको खातामा जम्मा गरेको धरौटी रकम तोकिएको समयावधिभन्दा कम काम भए कार्यालयले कामको परिमाणअनुसारको दरको रकम कट्टा गरी वाँकी रकम फिर्ता गर्नेछ ।

ङ. धरौटीबापत जम्मा भएको रकमले सम्झौताभन्दा बढी समय व्याक हो लोडर कार्य प्रक्रिया अगाडि बढाउन बाध्य हुने छैन तर कार्यालयमा आई वा कार्यालयको प्रतिनिधि वा व्याक हो लोडर चालकलाई धरौटी बापत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिने छ । सो कुराको जानकारी कुनै पनि सञ्चारको माध्यमवाट तुरुन्त कार्यालयलाई जानकारी गराउनु पर्ने छ ।

च. कार्यालयको अनुमति नलिई चालकले कार्य प्रक्रिया अगाडि बढाएमा चालकबाटै सरकारी वाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ ।

छ. व्याक हो लोडर भाडामा लिन चाहने व्यक्ति संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोप्राइटरले भाडामा लिँदा, भाडा कार्यालय वा व्याक हो लोडर रहेकै स्थानवाट भाडादर गणना गरिने छ ।

ज. यदि गाउँपालिकाको कोषबाटै हुने विकासनिर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म कम्पनी, उपभोक्ता समितिले कार्य संचालन गर्दा गाउँपालिकाले निजको विलवाट कट्टा हुने गरी व्याक हो लोडर

उपलव्ध गराउन सक्नेछ तर अग्रीम नगदै वा बैङ्क जम्मा गर्ने व्यक्ति फर्म, संस्था, कम्पनी, ठेकेदार वा उपभोक्ता समितिलाई विशेष प्राथमिकता दिइनेछ ।

झ. व्याक हो लोडर भाडामा लिने व्यक्ति फर्म, संस्था, कम्पनी, ठेकेदार, उपभोक्ता समितिले व्याक हो लोडर भाडामा लिने स्थानदेखि नै इन्धन खर्च व्यर्होनु पर्ने छ ।

ञ. व्याक हो लोडरको आन्तरिक खाता वेग्लै हुनेछ । उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरिने छ ।

ट. चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नु पर्ने छ । कार्यस्थलमा काम गर्दा बढी काम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी, व्यक्ति, संस्था, ठेकेदार वा उपभोक्ता समितिको प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धम्की धाकमा परी यस निर्देशिकाको भावना र मर्म विपरीत हुने गरी कसैलाई सञ्चालन गर्न दिएमा उल्लिखित कार्यलाई गम्भीर अपराध मानी प्रचलित कानुन बमोजिम निजलाई कारवाही गरिनेछ ।

ठ. समितिले व्याक हो लोडरको अनिवार्य रूपमा बिमा बनाउनु पर्नेछ ।

<u>**८. व्याक हो लोडरको सञ्चालन कोष:**</u> गाउँपालिकामा व्याक हो लोडर संचालन कोष रहने छ । यस कोषमा व्याक हो लोडर भाडामा दिँदा प्राप्त भएको रकम जम्मा गरिने छ । उक्त कोषवाट तपसिल बमोजिमका शीर्षकहरूमा बाहेक अन्य शीर्षकमा कुनै रकम खर्च गरिने छैन ।

१. चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलबभत्ता रकम ।

२. इन्धन खर्च ।

३. मेसिनरी औजार उपकरण ,पाटपुर्जाको मर्मत तथा खरिद खर्च ।

४. मेसिन सञ्चालन गरेबापत नेपाल सरकारलाई तिर्नु पर्ने कर रकम ।

५. व्याक हो लोडर सञ्चालन समितिको बैठक बस्दा भएको चिया, खाजा खर्च ।

६. गाउँ कार्यपालिका बैठकले निर्णय गरे अनुसारका शीर्षकहरूमा खर्च हुने रकम ।

७. मेसिन सञ्चालन गर्दा आइपर्ने विविध तथा भैपरी खर्च ।

<u>**९. सञ्चालन समितिको गठन:**</u> व्याक हो लोडरको सञ्चालनका लागि देहाय वमोजिम व्याक हो लोडर सञ्चालन समिति हुनेछः

क गाउँपालिका अध्यक्ष - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. गाउँपालिका प्रवक्ता - सदस्य

च. पूर्वाधार शाखा प्रमुख - सदस्य

छ. राजश्व एकाइ प्रमुख - सदस्य सचिव

<u>**१०. सञ्चालन समितिको काम, कर्तव्य र अधिकार:**</u>

क. उल्लिखित प्रावधानहरूको परिधिभित्र व्यक्ति, संस्था ठेकेदार र उपभोक्ता समितिहरूलाई भाडामा व्याक हो लोडर उपलव्ध गराउने ।

ख. व्याक हो लोडरको मर्मत, सम्भार तथा नयाँ पार्टपुर्जा थप गर्नु पर्ने भए निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्ने ।

ग. सञ्चालक समितिको बैठक कम्तीमा महिनाको २ पटक अनिवार्य रूपमा बस्नु पर्ने छ । उक्त बैठकमा प्रत्येक व्याक हो लोडरको अवस्था, वस्तुस्थिति र आयव्यय समेतको समीक्षा गरी प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने ।

घ. बैठकको गणपूरक संख्या दुई तिहाइ हुनेछ र दुई तिहाइ सदस्यको निर्णय मान्य हुनेछ ।

ङ. बैंठक सञ्चालन हुँदा उक्त कोषबाट खाजा खर्च बाहेक अन्य खर्च गरिने छैन ।

**१०. व्याक हो लोडर व्यवस्थापन समितिः** गाउँपालिकाका व्याक हो लोडरलाई व्यवस्थित गर्न देहाय अनुसार एक गाउँपालिकाका मेसिन तथा औजार व्यवस्थापन समिति रहनेछः

क) लेखा अधिकृत - अध्यक्ष

ख) जिन्सि एकाइ प्रमुख - सदस्य

ग) व्याक हो लोडर चालक - सदस्य

घ) राजश्व एकाइ प्रमुख - सदस्य सचिव

**११. व्याक हो लोडर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

क. गाउँपालिकाका व्याक हो लोडरलाई व्यवस्थित गर्ने,

ख. व्याक हो लोडर सञ्चालन समितिको निर्णयअनुसार व्याक हो लोडर भाडामा लगाउने, भाडा लक बुक राख्ने र सबै सलस्यले प्रमाणित गर्ने,

ग. व्याक हो लोडर सञ्चालन हुने स्थानमा पठाउने, कार्यालयमा फिर्ता ल्याउने, तोकिएको स्थानमा तोकिएको उद्देश्यअनुसार संचालन भएनभएको जाँचबुझ गर्ने लगायतका व्याक हो लोडर सुरक्षाको व्यवस्थापन गर्ने,

घ. व्याक हो लोडर भाडाको रसिद आम्दानी गर्ने वा बैङ्क भौचर आम्दानी बाँध्ने,

ङ. व्याक हो लोडर मर्मत सम्भार गर्ने र चालु हालतमा राख्ने ,

च. तोकिएका अन्य कार्य गर्ने ।

**१२. थपघट वा हेरफेर गर्न सक्नेः** यस कार्यविधि कार्यान्वयनका सिलसिलामा कुनै बाधा, अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा, अवरोध वा अस्पष्टता फुकाउने प्रयोजनका लागि गाउँपालिका कार्यपालिकाले आवश्यकताअनुसार व्याख्या गर्न सक्नेछ ।

आज्ञाले

अर्जुन सुवेदी

प्रमुख प्रशासकीय अधिकृत